# विदुर नगरपालिकाको शिक्षा (पहिलो संशोधन) नियमावली, २०७६

विदुर नगरपालिकाको शिक्षा नियमावली, २०७४ लाई संशोधन गर्न बाञ्छनीय भएकोले, विदुर नगरपालिकाले देहायको संशोधन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलिको नाम **विदुर नगरपालिकाको शिक्षा (पहिलो संशोधन) नियमावली, २०७६ र**हेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. विदुर नगरपालिकाको शिक्षा नियमावली, २०७४ को दफा २ को नियम (न) मा शंसोधनः**

विदुर नगरपालिकाको शिक्षा नियमावली, २०७४ (शिक्षा समिति भन्नाले) दफा २ को नियम (न) को सट्टा देहायको नियम (न) राखिएको छः

(न) "शिक्षा समिति" भन्नाले नियम २४ अनुसार गठन भएको समितिलाई जनाउँदछ ।

**३. परिच्छेद २ को नियम ५ (२) मा शंसोधनः**

विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्थाको नियम ५ (२) को सट्टा देहायको नियम ५ (२) राखिएको छः

२) उपनियम (१) बमोजिम शिक्षा समितिले विद्यालय खोल्न वा कक्षा थपघट गर्न उपयुक्त देखेमा अनुमति दिन सक्नेछ ।

**४. परिच्छेद २ को नियम ५ (३) मा शंसोधनः**

विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्थाको नियम ५ (३) को सट्टा देहायको नियम ५ (३) राखिएको छः

(३) उपनियम (२) अनुसार नगर शिक्षा समितिको विद्यालय खोल्ने वा कक्षा थपघट गर्ने निर्णय बमोजिम शिक्षा शाखा प्रमुखले अनुसूचि ३ बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

**५. परिच्छेद ३ को नियम २१ को च मा शंसोधनः**

नियम २१ प्रमुख प्रशासकिय अधिकृतको काम, कर्तव्य र अधिकार को उपनियम (च) को सट्टा (च) राखिएको छ :

(च) विद्यालयहरुको लेखा परीक्षणका लागि शिक्षा शाखा प्रमुखसंग समन्वय गरि लेखा परीक्षणको व्यवस्था मिलाउने ।

**६. परिच्छेद ३ को नियम २२ को ट मा शंसोधनः**

नियम २२ शिक्षा अधिकृत काम, कर्तव्य र अधिकारको उपनियम (ट) को सट्टा (ट) राखिएको छ :

(ट) नगरपालिका भित्र रहेका शैक्षिक गुठी र कम्पनी ऐन अन्तर्गत दर्ता भएका वा संस्थागत विद्यालयहरुको शैक्षिक कार्य योजनाको समन्वय र अनुगमन गरी सुधारका लागि सुझाव प्रस्तुत गर्ने,

**७. परिच्छेद ४ को नियम २४ को उपनियम (१) मा संशोधनः**

नियम २४ शिक्षा समितिको संरचना तथा कार्यसञ्चालन विधिको उपनियम (१) को (**ङ**) को सट्टा देहाय बमोजिम राखिएको छ ।

(ङ) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येवाट समितिले तोकेको दुई जना प्रधानध्यापक सदस्य

**८. परिच्छेद ४ को नियम २४ को उपनियम (१) मा संशोधनः**

नियम २४ शिक्षा समितिको संरचना तथा कार्यसञ्चालन विधिको उपनियम (१) को (**च**) को सट्टा देहाय बमोजिम राखिएको छ ।

(च). संस्थागत विद्यालयहरुको प्रतिनिधी मुलक संस्था मध्येवाट प्रमुखले तोकेको प्रतिनिधी एक जना - सदस्य

**९. परिच्छेद ४ को नियम २४ को उपनियम (२) मा संशोधनः**

नियम २४ शिक्षा समितिको संरचना तथा कार्यसञ्चालन विधिको उपनियम (२) को (**छ**) को सट्टा देहाय बमोजिम राखिएको छ ।

(छ) नगरपालिका स्तरीय अभिभावक संघका तर्फबाट प्रमुख वा अध्यक्षले तोकेको प्रतिनिधी एक जना -सदस्य

**१०. परिच्छेद ४ को नियम २४ को उपनियम (२) मा संशोधनः**

नियम २४ शिक्षा समितिको संरचना तथा कार्यसञ्चालन विधिको उपनियम (२) पछि देहाय बमोजिम थप गरिएको छ ।

(२) क.तोकिएका सदस्यको पदावधि २ वर्षको हुनेछ। तर यस नियम बमोजिम कुनै सदस्यलाई पुन तोक्न चाहेमा बाधापर्ने छैन ।

**११. परिच्छेद ४ को नियम २४ को उपनियम (३) मा संशोधनः**

नियम २४ शिक्षा समितिको संरचना तथा कार्यसञ्चालन विधिको उपनियम (३) को सट्टा देहाय बमोजिम राखिएको छ ।

(३) शिक्षा समितिको वैठकभत्ता नगरपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ ।

**१२. परिच्छेद ५ को नियम २६ को उपनियम (१) मा क १ थपः**

नियम २६ विद्यालय व्यवस्थापन समिति रहनेको उपनियम क पछि क १ देहाय बमोजिम राखिएको छ ।

(क १) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना सदस्य

**१३. परिच्छेद ५ को नियम २६ को उपनियम १को ख मा संशोधनः**

नियम २६ विद्यालय व्यवस्थापन समिति रहनेको उपनियम १ (ख) को सट्टा देहाय बमोजिम राखिएको छ ।

(ख) उपनियम १ को (क) र (क १) बमोजिम चुनिएका सदस्य मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको कुनै एक जना  अध्यक्ष

**१४. परिच्छेद ५ को नियम २६ को उपनियम १ को ङ मा संशोधनः**

नियम २६ विद्यालय व्यवस्थापन समिति रहनेको उपनियम १ (ङ) को सट्टा देहाय बमोजिम राखिएको छ ।

(ङ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एक जना -  सदस्य

**१५. परिच्छेद ५ को नियम २६ को उपनियम (१) मा संशोधनः**

नियम २६ विद्यालय व्यवस्थापन समिति रहनेको उपनियम १ (ज) पछि देहाय बमोजिम थप राखिएको छ ।

(ज१) कुनै विद्यालयमा (क) बमोजिम दलित अभिभावक नभएमा खुलाबाट चुन्न बाधा पर्ने छैन ।

**१६. परिच्छेद ५ को नियम २६ को उपनियम (२) मा संशोधनः**

नियम २६ विद्यालय व्यवस्थापन समिति रहनेको उपनियम (२) को सट्टा देहाय बमोजिम राखिएको छ ।

(२) विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ३ वर्षको हुनेछ ।

**१७. परिच्छेद ५ को नियम २६ को उपनियम (२) पछि देहाय २ क थप गरिएको छ ।**

नियम २६ विद्यालय व्यवस्थापन समिति रहनेको उपनियम (२) पछि देहाय बमोजिम थप राखिएको छ ।

(२ क) प्राविधिक र व्यवसायिक विषयमा अध्ययन वा तालीम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा जिल्लास्तरका उद्योग तथा वाणिज्य महासंघ र चेम्बर अफ कर्मसका १ /१ जना प्रतिनिधि सदस्य रहनेछन् ।

(२ख) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(२ग) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछ ।

**१८. परिच्छेद ५ को नियम २८ मा संशोधनः**

नियम २८व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधिको उपनियम १ (ङ) हटाईएको छ ।

**१९. परिच्छेद ५ को नियम २९ मा संशोधनः**

नियम २९व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्नेको उपनियम (ङ) हटाईएको छ ।

२०. **परिच्छेद ५ को नियम २९ को पहिलाको ङ हटाएर नया ङ थप**

नियम २९व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्नेको उपनियम (ङ) मा देहाय बमोजिम राखिएको छ ।

(ङ) आधारभूत विद्यालय (प्रा.बि १–५)को व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि सामान्य लेखपढ गर्न जान्ने, आधारभूत विद्यालय (६–८)को व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कम्तीमा कक्षा आठ उत्तीर्ण गरेको र माध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कम्तीमा एस.ई.ई./ एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ । तर आधारभूत विद्यालय (६–८) र माध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनकोलागि त्यस्तो शैक्षिक योग्यता भएको व्यक्ति नभएमा सो भन्दा कम शैक्षिक योग्यता भएको व्यक्ति पनि अध्यक्ष हुन सक्नेछ । तर सम्बन्धित विद्यालयमा शिक्षक वा कर्मचारीको पदमा बहाल रहेको, र नगरसभाका सदस्यहरु अध्यक्ष हुन सक्ने छैनन् ।

२१. **परिच्छेद ५ को नियम ३० मा च थप**

नियम ३० व्यवस्थापन समिति विघटन गर्न सक्नेको देहाय बमोजिम च थप गरिएको छ ।

(च)मनासिब कारणबाट कुनै विद्यालयको व्यवस्थापन समिति बिघटन भएको वा गठन हुन नसकेमा त्यस्तो विद्ययालयको लागि विद्यालयको अनुरोधमा अवधि सकिएको मितिबाट बढीमा ३० दिनको लागि नगर शिक्षा समितिले अस्थाई व्यवस्थापन समिति गठन गर्न वा सोहि समितिलाई काम चलाउन दिन सक्नेछ ।

२२. **परिच्छेद ५ को नियम ३२ पछि ३२क थप गरिएको छ ।**

नियम ३२क सस्थागत विद्यालयको व्यबस्थापन समिति गठन गर्न देहाय बमोजिम ३२क थप गरिएको छ ।

(३२क)संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :- (क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरुमध्येबाट विद्यालयको सिफारिसमा नगर शिक्षा प्रमुखले मनोनीत गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरुमध्येबाट एकजना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको दुईजना - सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरुमध्येबाट नगरपालिकाले मनोनीत गरेको एकजना - सदस्य

(घ) नगर शिक्षा शाखाको प्रतिनिधि - सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफूहरु-मध्येबाट छानी पठाएको एकजना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

२३. **परिच्छेद ५ को नियम ३२ मा ३२ ख थप**

नियम ३२ मा देहाय बमोजिम **३२ ख** थप गरिएको छ ।

नियम ३२ (क) बमोजिम छानिएका वा मनोनीत अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने, वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

२४. **परिच्छेद ५ को नियम ३२ मा ३२ ग थप**

नियम ३२ ग मा सस्थागत विद्यालयको विद्यालय व्यबस्थापन सम्बन्धिको काम कर्तव्य र अधिकार देहाय बमोजिम थप गरिएको छ ।

(ग१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने ।

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने ।

(ङ) नेपाल सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने र अन्य राष्ट्रिय पाठ्यक्रम विकास तथासहयोगी पाठ्यपुस्तकहरु पढाउन आवश्यक देखिएमा मूल्याङ्कन परिषद्को स्वीकृति लिने ।

(च) आयोगबाट अध्यापन अनुमतिपत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने ।

(च१) अस्थायी रुपमा नियुक्त शिक्षकलाई स्थायी हुने अवसर प्रदान गर्नका लागि यो खण्ड प्रारम्भ हुनु अघि नियुक्त त्यस्ता शिक्षकका हकमा यो खण्ड प्रारम्भ भएको मितिले र यो खण्ड प्रारम्भ भएपछि नियुक्त हुने शिक्षकको हकमा त्यसरी नियुक्त भएको मितिले छ महिनाभित्र स्थायी पूर्ति सम्बन्धी प्रक्रिया शुरु गर्ने ।

(छ) नेपाल सरकारले तोकिदिएको तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने ।

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने ।

(झ) नेपाल सरकारले दिएका निर्देशनहरुको पालना गर्ने ।

२५. **परिच्छेद ६ को नियम ३४ मा संशोधनः**

नियम ३४ परीक्षा संचालन तथा समन्वय समितिको उपनियम (घ) को सट्टा देहाय बमोजिम राखिएको छ ।

(घ) वडा अध्यक्षहरु मध्येबाट अध्यक्षले तोकेको न्युनतम ३ जना – सदस्य

२६. **परिच्छेद ६ को नियम ३४ मा संशोधनः**

नियम ३४परीक्षा संचालन तथा समन्वय समितिको उपनियम (छ) मा देहाय बमोजिम थप राखिएको छ ।

(छ१) शिक्षा विज्ञ – सदस्य

२७. **परिच्छेद ६ को नियम ३७ मा संशोधनः**

नियम ३७ शैक्षिक गुणस्तर परीक्षण सम्बन्धी व्यवस्थाको उपनियम (३) को सट्टा देहाय बमोजिम राखिएको छ ।

(३) उपनियम (२) वमोजिम तोकिएको सदस्यले शिक्षा प्रमुखसंग समन्वय गरी गुणस्तर मापन र प्रतिवेदन तयार गर्नेछ ।

२८. **परिच्छेद ९ को नियम ५० मा संशोधनः**

नियम ५० प्रधानाध्यापक सम्बन्धी व्यवस्थाको उपनियम (२) को सट्टा देहाय बमोजिम राखिएको छ ।

(२) आधारभुत तहको कक्षा पाँचसम्मको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभुत तहको अन्य विद्यालय भए कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको विद्यालयमा कम्तीमा पाँच वर्ष स्थायी शिक्षकको रुपमा शिक्षण अनुभव भएको, संघीय ऐन तथा सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम शिक्षक बन्ने योग्यता भएको तथा विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको व्यक्तिलाई नगर शिक्षा समितिको निर्णय वमोजिम पाँच वर्षको लागि शिक्षा प्रमुखले सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ ।

२९. **परिच्छेद ९ को नियम ५४ मा संशोधनः**

नियम ५४ शिक्षक तथा कर्मचारी छनौट समितिको उपनियम १ (ग) को सट्टा देहाय बमोजिम राखिएको छ ।

(ग) शिक्षा शाखा प्रमुख – सदस्य

**३०. परिच्छेद ९ को नियम ५४ मा संशोधनः**

नियम ५४ शिक्षक तथा कर्मचारी छनौट समितिको उपनियम १ मा देहाय बमोजिम (ग१) थप राखिएको छ ।

ग१. माध्यमिक तहको शिक्षक छनौट गर्नु पर्ने भएमा शिक्षाशास्त्र विषयमा सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनौट गर्नु पर्ने भए शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेका व्यक्तिहरूमध्येबाट उपलब्ध भएसम्म एकजना महिला समेतको प्रतिनिधित्व हुने गरी सुचिकृत विज्ञ सुचिबाट शिक्षा प्रमुखले मनोनीत गरेको दुईजना– सदस्य

**३१. परिच्छेद ९ को नियम ५५ मा संशोधनः**

नियम ५५ करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थाको उपनियम (१) को सट्टा देहाय बमोजिम राखिएको छ ।

(१) स्वीकृत दरवन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा व्यवस्थापन समितिले शिक्षा प्रमुख मार्फत आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नु पर्नेछ ।

**३२. परिच्छेद ९ को नियम ५५ मा संशोधनः**

नियम ५५ करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थाको उपनियम (८) को सट्टा देहाय बमोजिम राखिएको छ ।

(८) उपनियम (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा शिक्षक नियुक्त भएको एक शैक्षिक सत्रसम्म पनि रिक्त पदमा स्थायी पुर्ति नभएमा व्यवस्थापन समितिले एक पटकमा ६ महिनामा नबढाई करारको म्याद थप गर्न सक्नेछ ।

**३३. परिच्छेद ९ को नियम ५७ मा संशोधनः**

नियम ५७ सरुवा सम्बन्धी व्यवस्थाको उपनियम (१) को सट्टा देहाय बमोजिम राखिएको छ ।

(१) नगरपालिका भित्र एक विद्यालयबाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने दरबन्दी भित्र शिक्षा प्रमुखले सरुवा गर्न सक्नेछ । यसका लागि सरुवा हुन चाहने शिक्षकले अनुसूची–१४ बमोजिमको ढाँचामा शिक्षा प्रमुख समक्ष निवेदन दिनु पर्नेछ ।

**३४. परिच्छेद ९ को नियम ५७ मा संशोधनः**

नियम ५७ सरुवा सम्बन्धी व्यवस्थाको उपनियम (२) को सट्टा देहाय बमोजिम राखिएको छ ।

(२) सामान्यतया स्थायी शिक्षक तथा स्थायी कर्मचारीको मात्र सरुवा गरिनेछ ।

**३५. परिच्छेद ९ को नियम ५७ मा संशोधनः**

नियम ५७ सरुवा सम्बन्धी व्यवस्थाको उपनियम (३) को सट्टा देहाय बमोजिम राखिएको छ ।

(३) शिक्षकको सरुवा सामान्यतया प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा गरिनेछ ।

**३६. परिच्छेद १० को नियम ६१ मा संशोधनः**

नियम ६१ बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा पठाउनु पर्ने उपनियम (१) को सट्टा देहाय बमोजिम राखिएको छ ।

(१) सबै अभिभावकले चार वर्ष पुरा भएका बालबालिकालाई आधारभुत शिक्षाका लागि अनिवार्य रुपमा विद्यालय पठाउनु पर्नेछ ।

**३७. परिच्छेद ११ को नियम ६२ मा संशोधनः**

नियम ६२ शिक्षक तथा कर्मचारीले पाउने विदा उपनियम (७) हटाईएको छ ।

**३८. परिच्छेद ११ को नियम ६३ मा संशोधनः**

नियम ६३ विदा दिने अधिकारीको उपनियम (२) को सट्टा देहाय बमोजिम राखिएको छ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षक वा कर्मचारीको असाधारण बिदा,बेतलवी बिदा र अध्ययन बिदा व्यवस्थापन समिति तथा शिक्षा समितिको सिफारिसमा शिक्षा प्रमुखले स्वीकृत गर्नेछ ।